आज मिति २०७९ कार्तिक ०२ गते बुधबारका दिन बागचौर नगर कार्यपालिका सल्यानका नगर प्रमुख श्री जनकराज गौतमज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बस्यो । बैठकको उपस्थिति र निर्णय देहाय बमोजिम छ :-

उपस्थिति

| | |
|---|---|
| श्री जनकराज गौतम | नगर प्रमुख |
| श्री सुम्निमा डि.सि. वली | उप-प्रमुख |
| श्री गंगाराम बस्नेत | १ नं. वडा अध्यक्ष |
| श्री दिपेश डि.सी | २ नं. वडा अध्यक्ष |
| श्री भीम प्रकाश भण्डारी | ३ नं. वडा अध्यक्ष |
| श्री कृष्ण बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष |
| श्री जोगेन्द्र वली | ५ नं. वडा अध्यक्ष |
| श्री ज्ञान बहादुर वली | ६ नं. वडा अध्यक्ष |
| श्री प्रेम बहादुर डि.सी. | ७ नं. वडा अध्यक्ष |
| श्री शुसिल जंग चन्द | ८ नं. वडा अध्यक्ष |
| श्री यज्ञ बहादुर डाँगी | ९ नं. वडा अध्यक्ष |
| श्री ज्ञान प्रसास शर्मा धिताल | १० नं. वडा अध्यक्ष |
| श्री केशव बहादुर भण्डारी | ११ नं. वडा अध्यक्ष |
| श्री टीकाराम वली | १२ नं. वडा अध्यक्ष |
| श्री रोजी बुढाथोकी | कार्यपालिका सदस्य |
| श्री ढाँका कुमारी वली डि.सी. | कार्यपालिका सदस्य |
| श्री रीता दमाई | कार्यपालिका सदस्य |
| श्री सीता शर्मा | कार्यपालिका सदस्य |
| श्री रेखा कुमारी डाँगी खत्री | कार्यपालिका सदस्य |
| श्री दिपक बि.क. | कार्यपालिका सदस्य |
| श्री रेशम बि.क. | कार्यपालिका सदस्य |
| श्री टिकाराम बि.क. | कार्यपालिका सदस्य |
| श्री अनन्त कुमार गौतम | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव |

आमन्त्रित

| | |
|---|---|
| श्री तिर्थराज डाँगी | सूचना प्रविधि अधिकृत |

CamScanner

## कार्यपालिका बैठक नं. ३ मिति २०७९।०७।०२ ( आ.व. २०७९।०८०)

प्रस्तावहरुः

१) मनसुनको कारणले भएको क्षति सम्बन्धमा ।

२) भु उपयोग कार्यविधि, २०७९ सम्बन्धमा ।

३) नगरपालिका भित्रका सम्पुर्ण बाटो / सडकहरु मर्मत सम्भार सम्बन्धमा ।

४) नापी तथा मालपोत कार्यालय माग सम्बन्धमा ।

५) आधारभुत अस्पताल जग्गा छनौट समितिको म्याद थप सम्बन्धमा ।

६) विविध ।

**निर्णयहरुः-**

**निर्णय नं. १** मिति २०७९।०६।२० गते देखि २०७९।०६।२५ गते सम्म परेको अविरल वर्षाका कारण भएको क्षती (घरहरु भत्किएको, सडकवाटोहरु बिग्रे / भत्किएको, दशै तिहारलाई मध्यनजर गरी मर्मत सम्भार गरिएका सडकबाटोहरु क्षति भएको, नगदे बालीहरु नष्ट भएको, व्यक्तिगत जग्गा पहिरोको कारण क्षति भएको आदी) प्रति समग्र नगर कार्यपालिका परिवार दुख प्रकट गर्दछ । मिति २०७९ असोज २८ गते जिल्ला प्रशासन कार्यालय सल्यानका प्रमुख जिल्ला अधिकारी तथा जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष श्री बिपिन आचार्यज्यूको अध्यक्षताम वसेको वैठकको निर्णय अनुसार मनसुनजन्य विपद् प्रभावित निजि आवास पुनः निर्माण तथा पुनःस्थापना अनुदान कार्यविधि, २०७७ को परिच्छेद ३ को दफा ५(२) बमोजिम मनसुनजन्य विपद्का कारण अतिग्रस्त निजि आवासलाई सुरक्षित तरिकाले मर्मत, प्रवलिकरण, पुनःनिर्माण र पुनः स्थापनाको लागि उपलब्ध हुने अनुदानको कुल लागत ४ लाख मध्ये यस नगरपालिकाले १५% ब्यहोर्ने गरि भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

साथै उक्त लगत संकलनको लागि वडा कार्यालयलाई आवश्यक कार्यविधि उपलब्ध गराई वडाबाट संकलित विवरण नगर कार्यपालिकाको कार्यालयमा यथाशिघ्र पेश गर्ने निर्णय गरियो ।

साथै विपद्को कारणले भएको क्षतिलाई पुनःनिर्माण तथा पुनःस्थापना गर्नको लागि प्रदेश तथा संघीय सरकारसंग आवश्यक बजेट माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** भु उपयोग कार्यविधि, २०७९ लाई संसोधन सहित भु-उपयोग कार्यविधि, २०७९ सर्वसम्मत पारित गरि कार्यान्वयन गर्ने गरियो । उक्त भु-उपयोग कार्यविधि, २०७९ कार्यान्वयनको लागि आवश्येक पर्ने बजेट आ.व. २०७९।०८० रातो किताबको विविध खर्च शिर्षकबाट खर्च गर्ने

जनकराज गौतम
नगर प्रमुख

अनन्त कुमार गौतम
प्रमुख प्रशासकीय अधिकृत

निर्णय गरियो। साथै कार्यविधि बमोजिम आवश्यक पर्ने जनशक्ति व्यवस्थापनका लागि प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं. ३** नगरपालिका भित्रका सम्पुर्ण बाटो / सडकहरु मर्मत सम्भार सम्बन्धमा छलफल हुँदा मिति २०७९।०६।२० गते देखि २०७९।०६।२५ गते सम्म परेको अविरल वर्षाका कारण नगरपालिका अन्तरगत सबै वडाहरुका अधिकांश सडक बिग्रे भत्केकोले उक्त सडकबाटो मर्मत सम्भार गर्न सम्बन्धित वडाको मर्मत सम्भार खर्च शिर्षकबाट खर्च हुने गरी सडक मर्मत सम्भार गर्ने निर्णय गरियो । साथै उक्त शिर्षकबाट अपुग भएमा सम्बन्धित वडाको सिफारिस बमोजिम जिल्ला दररेट अनुसार आ.व. २०७९।०८० को रातो किताबको सि. नं. ९८ "नगरपालिका अन्तरगत सम्पुर्ण बाटोहरु मर्मत तथा स्तरोन्नति" शिर्षकबाट खर्च हुने गरि भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** नापी तथा मालपोत कार्यालय माग सम्बन्धमा छलफल हुँदा बागचौर नगरपालिकामा नापी तथा मालपोत कार्यालय माग गर्न सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ५** आधारभुत अस्पतालको लागि **जग्गा छनौट तथा सम्भाव्यता अध्ययन समिति**को म्याद थप सम्बन्धमा छलफल हुँदा आधारभुत अस्पतालको लागि जग्गा छनौट समितिले विविध कारणले गर्दा तोकिएको समयावधिभित्र जग्गा छनौट गर्न नसकेकोल म्याद थप गरीपाऊँ भनी कार्यपालिका समक्ष अनुरोध गरेकोले उक्त समितिले यथाशिघ्र कार्यसम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** मिति २०७९।०६।२० गते देखि २०७९।०६।२५ गते सम्म परेको अविरल वर्षाका कारण विभिन्न वडाहरुमा खानेपानी ट्याङ्कि र खानेपानी मुहानहरु पुरिएको तथा विग्रिएकोले अत्यावश्यक ठाउँहरुमा मर्मर सम्भार गर्ने निर्णय गरियो।

**निर्णय नं. ७** नगरपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनको लागि प्रत्येक वडा अध्यक्षको मातहतमा रहने गरी १/१ वटा र कार्यालयको आवश्यकता अनुसार थप सिमकार्ड खरिद गर्ने निर्णय गरियो ।

जनकराज गौतम
नगर प्रमुख

अनन्त कुमार गौतम
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**निर्णय नं. ८** न्यायिक समिति गठन गर्ने सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो। उक्त समितिको अनुमोदनको लागि आगामी हिउदे नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| श्री सुम्निमा डि.सी. वली | उप प्रमुख | संयोजक |
| श्री लक्ष्मी लामीछाने | वडा सदस्य वडा नं १ | सदस्य |
| श्री कमल डि.सी. | वडा सदस्य वडा नं. ९ | सदस्य |

**निर्णय नं. ९** यस बागचौर नगरपालिका अन्तरगत विभिन्न वडाहरुमा सडक तथा बाटोहरु मर्मत सम्भार गर्नुपर्ने भएकोले तपसिल बमोजिमको आयोजना तथा बजेट व्यवस्थापनको लागि आर्थिक वर्ष २०७९।०८० को रातो किताबको पूजिगत विविध खर्च शिर्षकबाट रकमान्तर गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.स. | आयोजनाको नाम | बजेट | कै. |
|---|---|---|---|
| १ | बानपा ५ र बानपा ६ मा पर्ने हिमचौर नाउलाचौर शारदा खोलामा तारजाली तथा कल्भर्ट निर्माण | १० लाख | |
| २ | कुयापानी भेसिमेला पर्लेख सडक निर्माण तथा मर्मत | १० लाख | |

**निर्णय नं. १०** यस बागचौर नगरपालिका वडा नं. २ खरिबोट- टाट्के हुँदै बाँफुखोला जोड्ने बाटो एकीकृत शहरी पूर्वाधार विकास कार्यक्रम अन्तरगत स्तरोन्नती हुने भएकोले उक्त सडकको केही स्थानमा सामुदायिक बन क्षेत्र पर्ने भएकोले उक्त सडकको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्नुपर्ने भएकोले उक्त कार्य आ.व. २०७९।०८० रातो किताबको सि.नं. ९७ खर्च शिर्षक ३११३५ डिपिआर शिर्षकबाट खर्च हुने गरी गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ११** नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समुह सहायक स्तर पाचौँ (ना.सु.) क.स.न. २२८८१३ का श्री धनि प्रसाद खड्का संघीय मामिला सामान्य प्रशासन मन्त्रालय च.नं. ३३९ मिति २०७९।०४।१८ को सरुवाको निर्णय बमोजिम त्रिवेणी गाउँपालिका रुकुम पश्चिमबाट यस नगरपालिकामा मिति २०७९।०५।३१ गते रमाना भइ मिति २०७९।०६।०२ गते यस कार्यालयमा हाजिर भएर दैनिक कामकाज गरिरहेकोले यस नगरपालिकामा रिक्त रहेको नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समुह (सहायक स्तर पाचौँ) पदमा पदस्थापना गराइदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२** बागचौर नगरपालिका वडा नं. ४ कार्यालयको च.नं. ३१३ मिति २०७९।०६।१२ गतेको सिफारिस बमोजिम साविक शिवरथ गा.वि.स. वडा नं. २ बस्ने लिला पुनको ससुराबुवा हरि बहादुर पुनको मिति २०७९।०५।१३ गते राती शारदा खोलामा आएको बाढीले बगाएर मृत्यू भएकोले मृतकको परिवारलाई क्रियाखर्च स्वरुप रकम रु २५ हजार एकमुष्ट रुपमा उपलब्ध गराउने निर्णय गरियो ।

जनकराज गौतम
नगर प्रमुख

गजेन्द्र कुमार गौतम
प्रमुख प्रशासकीय अधिकृत

CamScanner